सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

**होली पर्वको शुभकामना**

होली पर्व २०८१ को सुखद अबसरमा हाम्रा तमाम विद्वान पाठक, लेखक, विज्ञापनदाता, सहयोगी, शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकाना । साथै खबर दर्पणको अगामी अंक चैत्र ४ गते मात्र प्रकाशित हुने जानकारी गराईन्छ ।

खबर दर्पण परिवार

♦ वर्ष ८ ♦ अंक २१३ ♦ २०८१ साल चैत्र १ गते शुक्रवार ♦ 14 March 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# जनकपुरधाममा आफूलाई महामुर्ख साबित गर्न तछामछाड

## को बन्लान् यस वर्षको महामूर्ख ?




होरी अर्थात होली महोत्सव हुँदै।तस्वीर : खबर दर्पण




गत वर्ष महामुर्ख सम्मेलन २०८० को उपाधि ग्रहण गर्दै मधेस प्रदेशका सभामुख रामचन्द्र मण्डल । फाइल फोटो

**अजयकुमार साह**

**फागुन २९ गते, बर्दिवास**

कसैलाई मुर्ख, महामुर्ख भन्दा रिसाउने गाली गर्ने गरेको हुन्छ तर यहाँ आफूलाई महामुर्ख साबित गर्न तछाडमछाड हुने गरेको सुन्दा अचम्म लाग्न सक्छ। तर मिथिलाको यस शहर मा महामुर्ख बन्न सबै ललायित हुने गर्दछ। हो प्राचिन मिथिला र मधेस प्रदेशको राजधानी जनकपुरधाममा आफूलाई महामुर्ख साबित गर्नको लागि प्रत्येक वर्ष उच्च पदस्थ व्यक्तित्वहरुले पैरवी तथा सिफारिस आयोजक समक्ष गर्ने गरिएको बताइन्छ ।

होली पर्वको अवसरमा मिथिला नाटयकला परिषद (मिनाप) जनकपुरधामले प्रत्येक वर्ष धुमधामसंग मनाउँदै आएको दुई दिवसीय होरी(होली) महोत्सव अन्तर्गत आयोजना गरिने महामुर्ख सम्मेलनको लागि महामुर्खहरुको लिस्ट तयार भई सकेको मिनापका महासचिव शैलेन्द्र मल्लिकले बताउनुभयो ।

होलीको अवसरमा जनकपुरमा आयोजना गरिने महामुर्ख सम्मेलन देशैभरी प्रसिद्ध छन् । मिथिला क्षेत्रको साँस्कृतिक अभियानमा अग्रणी भुमिका खेलेको दावी गर्ने मिथिला नाटय कला परिषद (मिनाप) यसका आयोजक हुन् ।

मिनापले मिथिला क्षेत्रवाट उच्च तहको बौद्धिक काम गर्ने एक जनालाई हरेक बर्ष छनौट गरेर महामुर्ख सहित विभिन्न १५ प्रकारका व्यंगात्मक पदवी वाट समाजिक सम्मान गर्ने चलन छ। जुन मिथिला क्षेत्रमा चर्चीत छन् ।

मिथिला नाटय कला परिषदकै भनाइलाई यदी सत्य मान्ने हो भन्ने विभिन्न क्षेत्रमा काम गर्ने व्यक्तिहरुलाई वर्षै पिच्छै छनौट गरेर यो पदवीवाट समाजिक सम्मान दिने चलन छ ।

आपसी भाईचाराको रुपमा लिईएको होली पर्वलाई जनकपुर धाममा हिन्दुसंगै मुश्लिम युवाहरुले पनि संगै मिलेर होली मनाएर आपसी सौहार्दताको परिचय दिदै आएका छन् ।

मिथिलामा वसन्त पंचमीको आगमनसंगै होली गित गाउन शुरु गरिन्छ। तर अहिले आएर ग्रामीण इलाकामा फागु गित गाउनेमा कमी हुन थालेपछि लोपोन्मुख फागु गीतलाई जगेर्ना गर्ने मिनापले विगत २९-३० वर्षदेखि होरी महोत्सवको आयोजन गर्दै आएको छ ।

फागुपूर्णिमाको पूर्वसन्ध्यामा आयोजना हुने दुई दिने होली महोत्सवको पहिलो दिन फागु गीत प्रतियोगिता तथा दोस्रो दिन महामूर्ख सम्मेलनको आयोजन गरिन्छ । मिनाप महासचिव मल्लिकले मैथिली भाषा, साहित्य, कला, संस्कृति तथा लोकगीतको संरक्षण गर्न फागुन २९ गते (आज) र भोली चैत्र १ गते दुई दिवसीय होली महोत्सव आयोजना गरिएको बताए। पहिलो दिन होरी अर्थात फागु गीत प्रतियोगितामा धनुषा, महोत्तरी, सिरहा, सप्तरी र सर्लाहीका आधा दर्जन ग्रामीण समूह सहभागी भएको मिनापका महासचिव मल्लिकले बताउनुभयो।

महोत्सवको दोस्रो दिन आयोजन हुने महामूर्ख सम्मेलनमा समाजका अगुवा व्यक्तित्वलाई विशेष मानपदवी प्रदान गर्ने चलन छ । जस अन्तर्गत महत्वपूर्ण व्यक्तिलाई महामुर्खको उपाधी प्रदान गरिन्छ । जस अन्तर्गत महामुर्ख तथा अन्य उपाधीकर्तालाई मिथिलामा उत्पादन गरिएका तरकारीहरुको माला वनाएर लगाउने प्रचलन रहेको छ ।

### यस्तो छ सम्मेलनको इतिहास

महामूर्ख सम्मेलन नेपालको विभिन्न स्थानमा हुँदै आए पनि जनकपुरमा यसले निकै उचाई पाएको छ। तर यसको प्रारम्भ नेपालको विरगंजबाट भएको हो । मैथिली साहित्य परिषद विरगंज २०५० सालमा पहिलोपटक यो सम्मेलनको आयोजना गरेको थियो । पहिलो पटकको महामूर्ख लाला माधवेन्द्र जी भएका थिए ।

यो सम्मेलनको परिकल्पनाकार मध्ये एक रहेका मैथिली साहित्य परिषदका पूर्व महासचिव एवं चर्चित पत्रकार चन्द्र किशोर झा बताउनुहुन्छ, “नेपालमा २०४६ सालमा बहुदल आएको थियो । राजनीतिक रुपमा परिवर्तनको समय थियो । यो परिवर्तनमा समाजिक तथा साहित्यिक

*बाँकी पृष्ठ २ मा*

**शिरीष अफसेट प्रेस**

**बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै, महोत्तरी**

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प




✓फलेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# जनकपुरधाममा आफूलाई महामुर्ख.......

क्षेत्रका व्यक्तिहरुको योगदानको आवश्यकता थियो, यस्तो अवस्थामा यो कन्सेप्ट आएको थियो।" समाजमा रहेको विकृति विसंगतिलाई समाप्त गर्न व्यंग्यले निकै ठूलो भूमिका खेल्ने गर्छ भन्ने थप्नुभयो। विरगंजमा अब होरी मिलन समारोह महामुर्ख सम्मेलनको आयोजना गर्दै आएको छ । महामूर्ख सम्मेलन प्रकृतिको कार्यक्रम भारतमा पनि पहिले देखिनै हुँदै आएको छ ।

विसं २०६१ देखि जनकपुर धाममा महामुर्ख सम्मेलनको आरम्भ गरिएको थियो । विसं २०६१ मा महामुर्खको उपाधि मैथिली कवि नरेश ठाकुर, विसं २०६२ मा तत्कालीन नेकपा ( एमाले) का नेता शीतल झा, २०६३ मा तत्कालीन जनकपुर नगरपालिकाका प्रमुख हरि बहादुर बिसी, २०६४ मा तत्कालीन सद्भावना पार्टीका नेता ओमकुमार झा, २०६५ मा वरिष्ठ साहित्यकार डा. राजेन्द्र विमल, २०६६ मा पूर्वमन्त्री रामचन्द्र झा, २०६७ मा नेपालका चर्चित राजनीतिक विश्लेषक सिके लाल, २०६८ मा साहित्यकार रामभरोष कापडि भ्रमर, २०६९ मा नेपाली कांग्रेसका नेता रामसरोज यादव, २०७० मा तमलोपाका वरिष्ठ नेता डा.विजयकुमार सिंह, २०७१ मा नेता शत्रुधन महतो, २०७२ मा श्मशानघाटको स्वरूप परिवर्तन गरी आधुनिक स्वर्गद्वार बनाएर चर्चा बटुलेका पवन सिंघानीयालाई महामूर्खको उपाधि प्रदान गरिएको थियो । विसं २०७३ मा सप्तरीको मलेठमा नेकपा (एमाले)ले गरेको मेची-महाकाली अभियानका क्रममा प्रहरीको गोली लागेर पाँच जनाको मृत्यु भएपछि अन्तिम समयमा मिनापले सो कार्यक्रम स्थगित गरेको थियो । विसं २०७४ मा महामूर्खको उपाधि तमलोपाका अध्यक्ष बृषेशचन्द्र लाल र विसं २०७५ मा जसपाका नेता लालकिशोर साहलाई प्रदान गरि एको थियो ।

त्यस्तै विसं २०७६ मा मधेस प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबु राउत, २०७७ सालमा महजोडी मदन कृष्ण श्रेष्ठ र हरिवंश आचार्य एवं २०७८ सालमा अर्थविद डा भोगेन्द्र झालाई महामूर्खको उपाधि प्रदान गरि एको थियो भने २०७९ को महामुर्खको उपाधि जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज साहलाई प्रदान गरिएको थियो भने २०८१ को महामुर्खको उपाधी मधेस प्रदेशका सभामुख रामचन्द्र मण्डललाई प्रदान गरिएको थियो ।

### यसरी छनौट गरीन्छ महामूर्ख ?

महामूर्खको छनौट कसरी हुन्छ धेरैको उत्सुकताको विषय हुनसक्छ । सहीमा कम मेहनतको कुरा होइन धेरै दिमाग खियाउनु पर्छ आयोजकहरु बताउनुहुन्छ । महामूर्ख सम्मेलनको आयोजक मिथिला नाट्यकला परिषदका पूर्व अध्यक्ष मदन ठाकुर बताउनुहुन्छ, "महामूर्खको छनौटका लागि तयारी आयोजनासँग खोजी शुरु भइहाल्छ । यसका लागि एक कमिटी गठन गरिन्छ । त्यसैले निर्णय गर्दै आएको छ । केही व्यक्ति महामूर्ख बन्नका लागि कसेर लागेको हुन्छ ।"

जनकपुरधामको स्थानीय पत्रिकाहरु एक हप्ता पहिलादेखि नै को महामूर्ख बन्ने त्यसको नाउँमा चर्चा चलाएको हुन्छ । नेपाल पत्रकार महासंघ केन्द्रिय सदस्य राजेश कर्ण भन्नुहुन्छ, "महामूर्ख जनकपुरधामको एउटा लोकप्रिय कार्यक्रम हो । यसलाई मिडियाले क्यास नगर्ने कुरै आउँदैन । फेरी मिडियामा चर्चा भएपछि कार्यक्रको आकर्षण बढने गर्छ। समान्यतया धेरैलाई लाग्नसक्छ महामूर्ख को बन्छ ? तर आश्चर्यको कुरो यो रहेको छ धेरै कामना गरिरहन्छ यसपाली म महामूर्ख बनु ।"

२०६५ सालका महामूर्खक उपाधि प्राप्तकर्ता एवं मैथिलीक बरिष्ठ साहित्यकार डा. राजेन्द्र प्रसाद विमल भन्छन्, "उपाधि प्राप्त गर्नु आफैमा ठूलो उपलब्धि रहेको छ, प्रेमले मानिस हरेकथोक अर्थात विषपनि पिउने गरेको इतिहास रहेको छ । यस्तोमा महामूर्ख पाउनु ठूलो कुरो हो ।"

### को बन्लान् यस वर्षको महामूर्ख ?

मिथिला नाट्यकला परिषदले प्रत्येक वर्ष महामूर्ख सहित १५ जनालाई १५ वटा पदवी प्रदान गर्दै आइरहेको छ । त्यसमध्ये सबभन्दा बढी चासोका साथ महामूर्खको उपाधिलाई हेरिन्छ। सोही अनुरूप यस वर्ष पनि यस पदवीका लागि विभिन्न आकांक्षीको नाम चर्चामा रहेको छ ।

मिनापका महासचिव शैलेन्द्र मल्लिकले मधेस प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंह लगायत विभिन्न सांसद तथा समाजिक अभियन्ताहरुको नाम चर्चामा रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "छनौट समितिले लगभग सबै तयारी गरिसकेको छ, अब भोली हुने महामुर्ख सम्मेलनमा नै नाम घोषणा गरिन्छ, अहिले यसलाई रहस्य मै राख्नु उचित हुन्छ।"

# एसईईको तयारी पूराः ५ लाख ८ हजार ३९० विद्यार्थी सहभागी हुँदै

**खबर दर्पण समाचारदाता**

**फागुन २९ गते, बर्दिवास**




राष्ट्रिय परीक्षा बोर्ड (कक्षा १०) ले २०८१ को माध्यामिक शिक्षा परीक्षा (एसईई) को तयारी पूरा भएको जनाएको छ। आगामी ७ चैतमा हुने परीक्षाका लागि प्रश्नपत्र र उत्तरपुस्तिका केन्द्रमा पुगिसकेको र केही ठाउँमा पुग्ने क्रममा रहेको बोर्डले जनाएको छ।

'हाम्रो तर्फबाट तयारी पूरा भएको छ। सिम्बोल नम्बर, प्रश्नपत्र र उत्तरपुस्तिका केन्द्रमा पुगिसकेको छ। जिल्ला जिल्लामा केन्द्राध्यक्षको अभूमिखीकरण भएको छ,' परीक्षा नियन्त्रक नन्दलाल पौडेलले भने।

पछिल्लो तथ्यांक अनुसार परीक्षामा समेल हुने विद्यार्थीको संख्या ५ लाख ८ हजार ३ सय ९० कायम भएको छ। परीक्षाका लागि ५ लाख २२ हजारले फारम भरेका थिए।

परीक्षा नियन्त्रक पौडेलका अनुसार २ हजार ७९ परीक्षा केन्द्र तोकिएको छ। सुरक्षाको व्यवस्था केन्द्रमा जिल्ला स्थित सुरक्षा निकायले मिलाउने छ। यस पटकको एसईईमा सुधार केन्द्र र कारागार गरी तीनवटा विद्यालय बाहिरका केन्द्र तोकिएको छ। नियन्त्रक पौडेलका अनुसार, काठमाडौं र दैलेखका दुई कारागारबाट विद्यार्थीले एसईई दिनेछन्। यस्तै, भक्तपुर को सुधार गृहबाट पनि परीक्षा दिने व्यवस्था मिलाइएको छ। यस्तै, यस वर्षको एसईईमा कीर्तिपुस्थित सफलता एचआईभी शिक्षा सदनबाट पनि विद्यार्थी सहभागी हुँदै छन्। सो विद्यालयबाट चारजना एचआईभी संक्रमित विद्यार्थीले एसईई दिने नियन्त्रक पौडेलले जानकारी दिए। यस वर्षको एसईईको नतिजा लेटर ग्रेडिङ सिष्टम अनुसार नै हुनेछ, जुन गत वर्षदेखि लागु भइसकेको छ। परीक्षा चैत १९ सम्म सञ्चालन हुने तालिका छ।

मधेशबाट ८८ हजार ८५८ विद्यार्थीले एसइई दिने (एसइई) मा मधेश प्रदेशबाट ८८ हजार ८५८ जना विद्यार्थी सहभागी हुने भएका छन्। शिक्षा विकास निर्देशनालय मधेश प्रदेशका अनुसार परीक्षाका लागि ३१२ परीक्षा केन्द्र तोकिएको छ । परीक्षामा एक हजार २३१ वटा विद्यालयका विद्यार्थी सहभागी हुँदै छन् । यस वर्ष मधेश प्रदेशका ३१२ परीक्षा केन्द्रका लागि ३१२ जना केन्द्राध्यक्ष, ४५९ जना सहायक केन्द्राध्यक्ष, चार हजार ३७० जना निरीक्षक, ७५५ जना परीक्षा सहायक र एक हजार ६६६ जना कार्यालय सहयोगी खटाइने निर्देशनालयले जनाएको छ । परीक्षामा मधेश प्रदेशको आठ जिल्लामध्ये सबभन्दा बढी विद्यार्थी धनुषाबाट सहभागी हुँदैछन् । यहाँका १९५ विद्यालयका १३ हजार ६५४ विद्यार्थी परीक्षा दिने छन् । सप्तरीबाट भने सबैभन्दा कम १४२ विद्यालयका आठ हजार ७१५ विद्यार्थी एसइईमा सहभागी हुने छन् । चैत ७ देखि १९ गतेसम्म सञ्चालन हुने परीक्षाका लागि चार हजार ६८० जना सुरक्षाकर्मी र १२ हजार २४२ जना कर्मचारी खटाइने निर्देशनालयले जनाएको छ । निर्देशनालयका अनुसार सिरहामा ४९, धनुषामा ४५, बारामा ४२, रौतहटमा ४०, सर्लाहीमा ३८, सप्तरीमा ३७, महोत्तरीमा ३२ र पर्सामा २९ वटा परीक्षा केन्द्र निर्धारण गरिएको छ ।

शिक्षा विकास निर्देशनालय जनकपुरका निर्देशक ठुलोबाबु दाहालले परीक्षाका लागि आवश्यक तयारी भइरहेको बताए । उनले परीक्षालाई मर्यादित, अनुशासित र निष्पक्ष रूपमा सम्पन्न गराउन आठ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको जिल्ला परीक्षा समन्वय समितिले निरीक्षण, अनुगमन गरिने जानकारी दिए । त्यसलगायत मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्र लगायतका निकायलाई समेटेर प्रदेशस्तरीय अनुगमन टोली बनाएर अनुगमन गरिने निर्देशक दाहालले बताए।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# महोत्तरीमा बिहेको रथ पल्टिदा एक बालकको मृत्यु



**खबर दर्पण समाचारदाता**

**फागुन २९ गते, बर्दिवास**

महोत्तरीमा बिहेको रथ पल्टिदा एक बालकको मृत्यु भएको छ। बुधवार राति महोत्तरीको रामगोपालपुर नगरपालिका-९ खोपिस्थित सडकमा एएस-०२-४७७५ नम्बरको रथ पल्टिदा रथमा सवार भारत बिहार सितामढी सोनबर्षा बस्ने रूदल रामको छोरा १२ वर्षीय आदित्य रामको मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा गम्भीर घाइते भएका उनको जानकी एकेडेमी पर्सा अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो ।

साथै दुर्घटनामा घाइते भएका रथमा सवार अन्य २ जनाको सोही अस्पतालमा उपचार भइ रहेको छ । हाल फरार रथ चालकको खोजी गरिरहेको प्रहरीले जनाएको छ ।

# मटिहानीमा पाँच सैयाको प्रसूती गृह निर्माण



**खबर दर्पण समाचारदाता**

**फागुन २९ गते, बर्दिवास**

महोत्तरी जिल्लाको मटिहानी नगर पालिका वडा नम्बर ६ मटिहानीमा पाँच सैयाको प्रस्तुति गृह अस्पतालको निर्माण कार्य सम्पन्न भएको छ।

उक्त प्रस्तुति गृह भवन राष्ट्रिय योजना आयोगको विशेष अनुदान कार्यक्रम र मटिहानी नगर पालिकाको सहयोगमा करिब २ करोडको लागतमा निर्माण भएको उक्त प्रस्तुति गृह भवनमा ऑपरेशन कोठा-१, ल्क्ष्र कोठा-१, जेनेरल बेड कोठा-१, स्टाफ कोठा-१, फार्मेसी कोठा-१ लगायतका कोठाहरु रहेको कुरा इंजीनियर बिमलेश साहले बताउनुभयो ।यसै बीच नव-निर्मित उक्त प्रस्तुति गृह भवनमा नगर प्रमुख हरि प्रसाद मण्डल द्वारा आज धार्मिक बिधिवत पूजा गरिएको छ ।

उक्त प्रस्तुति गृह भवन निर्माणले प्रस्तुति गृह संचालन गर्न र आम नागरिकलाई प्रसूती सेवा प्रदान गर्न सहज हुने बिश्वास प्रमुख मंडलले ब्यक्त गर्नुभयो ।उक्त कार्यक्रममा वडा नं.६ का वडा अध्यक्ष कलीम अंसारी,जिल्ला समन्वय समिति सदस्य राम लखन पंजियार ,कार्यपालिका सदस्य सुनेकेशी चौधरी,वडा सचिव बिकेश झा,वडा सदस्यहरु,रामसेवक साह,शंकर मंडल,मोख्तार अंसारी लगायतका स्थानीयहरुको उपस्थिति रहेको थियो ।

# यातायात व्यवस्था कार्यालयको आफनै भवन जनकपुर-८ मा बन्ने

**खबर दर्पण समाचारदाता**

**फागुन २९ गते, बर्दिवास**



यातायात व्यवस्था कार्यालय धनुषाको कार्यालय भवन तथा आधुनिक ट्रायल सेन्टरको भूमि पुजन जनकपुरधाममा सम्पन्न भएको छ ।

गुठी संस्थानले लिजमा उपलब्ध गराएको सिताकुण्ड मन्दिरको स्वमामित्वमा रहेको जनकपुर धाम उपमहानगरपालिका वडा नं. ८ ज्ञानकुप स्थित एक विग्घा जग्गामा यातायात व्यवस्था कार्यालयको भवन तथा आधुनिक ट्रायल सेन्टरको भूमि पुजन गरिएको हो ।

यातायात व्यवस्था कार्यालयका प्रमुख धनन्जय कुमार सिंहको अध्यक्षतामा भएको भूमि पुजन कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंह र श्रमतथा यातायातमन्त्री कौशल किशोर रायले संयुक्त रुपमा भूमि पुजन गरेको हो ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि मुख्यमन्त्री सिंहले यातायात व्यवस्था कार्यालयको आफनै भवन र आधुनिक ट्रायल सेन्टर निर्माणले सेवाग्राहीलाई सहजहुनुका साथै विश्वसनीयतामा वृद्धि हुने विश्वास व्यक्त गरेका छन ।

उनले सम्भवतः नेपालकै पहिलो आधुनिक ट्र्याल सेन्टर जनकपुर मा निर्माण हुन लागेको समेत बताए ।

त्यस्तै श्रम तथा यातायातमन्त्री रायले वर्तमान सरकार जनमुखी कार्यमा अगाडी बढेको दावी गर्दै वर्षौदेखी थन्किएको जग्गा उपलब्धता सम्बन्धि कार्य गराउन आफु सफल भएको दावी गरे ।

उनले आधुनिक ट्रायल सेन्टर जिम्मा निजी क्षेत्रलाई दिने तयारी भै रहेको उल्लेख गर्दै आधुनिक ट्रायल सेन्टरको निर्माणले विचौलियाहरुको विगबिगी अन्त हुने दावी समेत गरे ।

कार्यक्रममा सिताकुण्ड मन्दिर का महन्थ राम नरेश दास, वडा अध्यक्ष दिनेश सिंह सहितको सहभागिता रहेको थियो ।

# रङको पर्वमा होलीमा फुटफाटे व्यापारीको उत्साहपूर्ण व्यापार

**खबर दर्पण समाचारदाता**

**फागुन २९ गते, बर्दिवास**

तराई-मधेसमा उल्लास पूर्वक मनाइने रङहरूको पर्व होली मा फुटफाटे पसलहरुबाट रङ, अबिर ,बेलुन , पिचकारी तथा होलीको लेखिएको भेस्ट , कुर्ता तथा होलीका अन्य सामग्री किन्नेको भीडको बजारमा देखिएको छ।

बजारमा विशेषगरी बालबालिकाका लागि आकर्षक पिचकारी, पानी भर्ने बेलुन, विभिन्न रंग तथा होली खेल्न प्रयोग गरिने सामग्री राखिएको छ । फागुन महिनाको पूर्णिमाको दिन होलिका दहन गरी भोलिपल्ट होली मनाइने चलन तराई मधेसमा छ। धनुषाका जनकपुरधाम सहित मुख्य बजारहरु महेन्द्रनगर, ढल्केवर, विरेन्द्रबजार, सबैला लगायत अन्य ग्रामीण बजारमा पनि होलीका सामान किन्नेको भीड लागेको छ। होलीका लागि आवश्यक सामग्री किन्न प्राय सबै बजार चोकहरुमा अस्थायी रुपमा फुटफाटमा पसलहरु थापेर मेला झै लाग्ने गरेको छ।

क्षीरेश्वरनाथ नगरपालिका ५ महेन्द्रनगर बजारमा रङ बेच्न बसेका स्थानीय दिपेन्द्र मण्डलले ३० हजार रुपियाँको रङ , अबिर , बेलुन, पिचकारी लगायत होलीमा सामग्री ल्याएको यसबाट ५० हजार जति को व्यापार भएर २० हजार नाफाहुने बताउनुभयो । त्यसैगरी रमेश गुप्ताले होली लेखिएको भेस्ट, कुर्ता लगायत होली विशेष लुगाको राम्रो व्यापार भइरहेको बताउनुभयो ।

अहिले होली खेल्नेको सङ्ख्या बाक्लो हुने भएपछि रङ अबिरको व्यापार राम्रो हुने गरेको फुटकर व्यापारीहरूको भनाइ छ। होली खेल्दै रमाउँदै व्यापार पनि हुने भएपछि रमाइलो हुनेगरेको अर्का व्यापारी राधेश्याम गुप्ताले जानकारी दिनुभयो ।

मिथिलाको होली निकै चर्चामा भएकोले अहिले जनकपुरमा होलीका दिन हजारौं युवा युवतीहरू होली खेल्न आउने गर्छन् । आजभोलि विदेशी पर्यटकहरू समेत यहाँ होली खेलेर रमाउने गरेका छन् ।


## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
९८५४०२१३९५, ९७४८४५७४९०

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३द्दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# मधेसमा सुनिन छोड्यो होलीको ‘जोगिरा’



**अजयकुमार साह**

**फागुन २९ गते, धनुषा**

“कौनतालपर ढोलक बाजे
कौन ताल मृदङ्ग ?
कौनतालपर गोरिया नाचे
कौन तालपर हम ?
जोगीरा सर र र !!!”

(कुन तालमा ढोलक बज्छ, कुन तालमा मृदंग, कुन तालमा कान्छी नाच्छे कुन तालमा)

वसन्त ऋतुको आगमनसँगै श्रीपञ्चमीदेखि फागु पूर्णिमासम्म मिथिलाञ्चलका घर, गाउँ, टोल र छिमेकमा गाइने यस्तै माधुर्य र प्रेम भाव भएको होली गीत गाउने मानिसको अभावको कारण लोप हुँदै गएको छ । होलीमा गाइने यस्ता गीतलाई ‘जोगिरा’ भनिन्छ।

मिथिलाञ्चलमा गाइने यस प्रकारको जोगिराले होलीपर्व खेल्नेहरुबीच सद्भाव, माया र उत्साहका साथै ऊर्जाको सन्देश सञ्चार हुने संस्कृतिविद् किशोरी साह बताउँछन् । उनले भने, ‘होलीपर्व र सङ्गीतबीच गहिरो सम्बन्ध हुन्छ । सङ्गीत बिनाको होलीको परिकल्पना नै गर्न सकिदैन । भनिन्छ होली पर्व मनभित्र रहेको कुण्ठित विचारलाई समाप्त पार्ने पर्व हो ।’

मिथिलानगरपालिका-२ नक्टाझिज बस्ने ७० वर्षीय रामखेलावन महतो पुर्खौली बाजा मृदङ्ग बजाई फागु गीत (जोगिरा) गाउन नपाएकामा दुःखी मनले भने, ‘पहिले यस्ता जोगिरा वसन्त ऋतुको आगमनसँगै श्रीपञ्चमीदेखि फागु पूर्णिमासम्म गाउँगाउँ, टोलटोल घुमेर फागु पर्वको आगमन भएको बारे गीत गाएर जानकारी दिने परम्परा थियो तर अहिले गीत गाउने बूढापाकाको कमी भएका कारण न त त्यति मात्रामा ढोल मृदङ्ग नै बज्छ, न त फागु गीत नै गाइन्छ ।’

‘यसपालिको होली मुखमा आइसक्यो, न डम्फू बज्छ..न जोगिरा..का स्वर नै सुनिन्न !’ वर्षौंदेखि जोगिरा गाउँदै आएका क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगर कुचाइटोलका ७५ वर्षीय रामभरोसी यादवले भने । उनले भने,‘मेरा समूहका धेरै साथीको मृत्यु भइसक्यो, बाँचेका हामीहरु पनि बुढा भएर थलिएका छौं तर अझै गाउने त रस छ, तर साथदिने कोही छैनन् ।’ वसन्त पञ्चमीसँगै होली (फागु) पर्वको सन्देश छर्ने जोगिरा...अब सुनिन छाडेपछि धनुषासहितका मिथिलाञ्चल क्षेत्रको यो पुरानो संस्कृति लोप हुने स्थितिमा पुगेको छ ।



हरिहरपुरका ६५ वर्षीय रामदुलार महतोले आफ्नै शैलीमा जोगिरा सुनाए,

किनका के हाथकनक
पिचकारी,
किनका के हाथअबीर झोरी ?
रामजी के हाथ में कनक
पिचकारी,
सियाजी के हाथअबीर झोरी
‘!! जोगिरा..सररर..!!’

(कसको हातमा सुन जडित पिचकारी (लोला) छ र कसको हातमा अबिरको झोला ? रामजीको हातमा सुन जडित पिचकारी छ र सीताजीको हातमा अबिरको झोला)

यस्ता पौराणिक गाथाका विषयवस्तु, भक्ति, ख्यालठट्टा, प्रेमयुक्त र रस मिसिएका मैथिली भाषामा गाइने जोगिरा अब मिथिलाञ्चलमा सुनिन छाडेका छन् । होलिया (फागु गीतगाउने गायक) का स्वरमा घरभित्र लुकेर बसेकी नवयौवना मिथिलानीलाई उकुसमुकुस बनाउने र सबै सामाजिक पर्दा उघारेर बाहिर नाच्न आउँआउँ लाग्ने जोगिरा लोप हुँदै गएपछि फागु पर्वको सौन्दर्य स्वात्तै घटेको पुराना होलियाहरु बताउँछन् । सामाजिक छुवाछूत, ठूला-साना जात र भिन्न धर्म संस्कृतिप्रति माया गर्दै सामाजिक सद्भाव र समानताको सन्देश दिन र माउने परम्पराको होली पर्व मिथिला संस्कृतिको धरोहर मानिन्छ । तर, यसको सौन्दर्यको महत्वपूर्ण अङ्ग जोगिरा लोप हुँदै गएर अब ‘डिजे’ बज्न थालेपछि मैथिली मौलिकता हराउँदै गएको नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य राजेश कर्णले चिन्ता व्यक्त गरे ।

मिथिलाञ्चलमा बसन्त पञ्चमी देखि होलीगीत शुरु भएर मिथिला माध्यमिकी परिक्रमाको सातौं दिन महोत्तरीको भंगाहा नगरपालिका-९ कञ्चनवनमा परिक्रमा यात्रीले एकापसमा रङ अबिर खेलेपछि होली पर्व मनाउन थालिने परम्परा छ । पौराणिक कथानुसार सत्ययुगमा राजा हिरण्यकश्यपु ज्यादै अत्याचारी राजाभएकाले आफूलाई देवताभन्दा ठूलो हुँभन्ने घमण्ड गर्थे । उनका छोरा प्रह्लाद भगवान् विष्णुका परमभक्त थिए । हिरण्यकश्यपुले छोरा प्रह्लादलाई विष्णुभक्तिबाट अलग गराउन होलिकासँगै आगामा जलाउँदा होलिका डढेर भष्म भइन् भने प्रह्लादलाई केही प्रभाव परेन । सोही परम्परालाई निरन्तरता दिँदै हिन्दू समाजमा फाल्गुण शुक्लपूर्णिमाको रातमा होलिकाको दहन गरी हर्ष बढाइँ गर्ने र भोली पल्ट होली खेल्ने चलन रहि आएको भनाइ छ ।

जनकपुरधाम-१२ का सतीशलाल कर्णले भने, ‘होली गीतमा पहिले कामोत्सवको मर्म, धार्मिक र आधुनिक विशिष्टता, जीवनको उमङ्ग, ऊर्जा, संस्कृतिको प्रकाश, परम्पराको आधार तथा उन्मुक्ति थियो तर अब उच्छृङ्खल गीतहरु आएकाले होलीमा माधुर्य र प्रेम भाव मिसिएको गीत बिरलै सुन्न पाइन्छ ।’ दोहोरी गीत झैं गाइने जोगिरा र होलीका गीतका कारण तराई मधेसका हरेक गाउँको वातावरणमा एक किसिमको रौनक छाएको हुन्थ्यो तर अहिले ती गीत भने लोप हुने अवस्थामा पुगेका छन् । नवयौवना मात्र नभई होलियाबीच नै ठट्टा गर्ने नाताबीच हुने जोगिराको कटाक्ष पनि कम मनोरञ्जक हुन्न ।

क्षीरेश्वरनाथ ७ हरिहरपुरका रामलाल महतोले भने, ‘होलीको पौराणिकता अब हराइसकेको छ । दिनहुँजसो हुने झै-झगडा, रागद्वेषको कारण होली गीत गाउन नै छाडिएको छ । होलीको तर्क, दर्शन, मौकिकतालाई गम्भीरतापूर्वक नलिइएकाले अहिलेको होलीमा सङ्कीर्णता छाएको छ । पौराणिकतासँग जोडिएको होली गीत हराउँदै गइरहेको छ ।’

पहिलेपहिले बुढापाकाले रात परेपछि गाउँको बीचमा रहेको चौपालमा झ्याल, मृदङ्ग, ढोल, डम्फा र तुरकी लिएर समूहगत रुपमा होली गीत जोगिरा गाउने गरेको सखुवाबजारका ७० वर्षीय सत्यनाराण सिंहले बताए । अब त्यो समय हराएर गएको छ । अधिकांश युवा कामका लागि खाडी मुलुक गएकाले होली गीत हराउँदै गएको बताउँदै धनुषाधाम नगर पालिकाका पर्वताका अमरलाल कर्णले भने, ‘अबको होली प्रेम र सद्भावको नभएर वैमनस्यता पूर्णतामा पुगेको छ । भाङको ठाउँमा रक्सी, प्रेम र सद्भावको ठाउँमा रागद्वेष देखा परेकाले अबको होलीको पौराणिकता र माधुर्य हराउँदै गएको छ ।’

धार्मिक तथा सांस्कृतिक दृष्टिकोणले अति महत्वपूर्ण र हेको होलीले सबै जातजातिलाई प्रभाव पारेको भए पनि होलीको रौनकता नै हराएर गएको छ । फागु पर्व सबै जातजातिले प्रेम र सद्भावका साथ मनाउँदै आइरहेका छन् । पहिलेका होली गीतमा धार्मिक तथा सद्भावको सन्देश बढी पाइन्थ्यो । अब उच्छृङ्ल गीतका बजारमा बढी पाउन थालिएको छ । यस्तो गीतमा अश्लीलशब्द बढी भएको सखुवा बजारका रामकृपाल जयसवालको भनाइ छ ।

मिथिलाको शहरी क्षेत्रभन्दा ग्रामीण क्षेत्रमा गाइने यस्ता होली गीतमा विशुद्ध रुपमा ग्रामीण होलीको महत्व, त्यस भेगको माटाको मन्दमन्द वासना हुने भएकाले यस्ता गीतको रक्षा गर्नु आजको आवश्यकता रहेको संस्कृतिविद् तथा वरिष्ठ पत्रकार रामभरोस कापडीको भनाइ छ ।-रासस

## १५ दिवसीय मिथिला माध्यमिकी परिक्रमाको औपचारिक समापन हुँदै



**खबर दर्पण समाचारदाता**

**फागुन २९ गते, जनकपुरधाम**

संसार कै सबैभन्दा लामो धार्मिक पदयात्राको रूपमा चिनिएको १५ दिवसीय मिथिला माध्यमिकी परिक्रमाका सहभागीहरू बिहीबार जनकपुरधाममा पुगेका छन्। परिक्रमाका सहभागीहरूले शुक्रबार बिहान जनकपुरधामको आन्तरिक परिक्रमा गरेपछि यो परिक्रमाको औपचारिक समापन हुनेछ।

परिक्रमाको समाप्ति पछि जनकपुरधाममा होलीको पर्व मनाउने परम्परा रहेको छ। भारतको कलानेश्वरमा रेखा खिचेर घुम्ती संकल्प गरेका सहभागीहरूले बिहीबार बिहान त्यहाँ खिचेको रेखा मेटाएर जनकपुरधाममा आइपुगेका जानकी मन्दिरका छोटे महन्थ रामरोशन दास बैष्णवले जानकारी दिए। जनकपुरधाम पुगेका सहभागीहरूले रङभूमि मैदान, तिरहुतिया गाछी, र र ामजानकी मन्दिरको आँगनमा विश्राम गरेका छन्। उनीहरूले जनकपुरधामका गङ्गासागर र धनुष सागर पोखरीमा स्नान गरेर जानकी मन्दिर र अन्य मठमन्दिरमा पूजाअर्चना गरेका छन्।

फागुन कृष्णपक्षको औंसी तिथिमा मिथिला बिहारी मन्दिर बाट निकालिएको भगवान् रामको डोला र जनकपुरधामका सुन्दर सदनबाट निकालिएको माता सीताको डोला फागु पूर्णिमामा जनकपुरधाममा आएको हो। यो पदयात्रामा सहभागीहरूले नेपालमा ११ र भारतमा ४ विश्रामस्थलमा विश्राम गर्दै नेपाल ९० र भारतको ३० गरी जम्मा १२० किलोमिटरको यात्रा खाली खुट्टा तय गर्दै जनकपुरधाम आइपुगेको हो । यस परिक्रमामा साधु सन्तका साथै हजारौं सर्वसाधारणको सहभागिता रहेको छ। जनकपुरधाममा विभिन्न स्थानहरूमा परिक्रमामा सहभागीहरूको स्वागत गरिएको छ।

त्यस्तै, सहभागीहरूको ख्याल गर्दै विभिन्न संस्थाहरूले निःशुल्क भोजन र स्वास्थ्य शिविर को आयोजना गरेका छन्। नेपाल-भारत खुला सीमा संवाद समूहका अध्यक्ष डा. राजिव झाले १५ दिनको अवधिमा विश्राम स्थलहरूमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको जानकारी गराएका छन् । यसबाहेक, परिक्रमाका सहभागीहरूको सुरक्षालाई ध्यानमा राख्दै स्थानीय प्रशासनले जनकपुरधामको सुरक्षा व्यवस्थामा सुधार गरेको छ।

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव‘यदुवंशी’ (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,